म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १४ | अंक ३०९ | शुक्रबार, ६ असार २०८२ | ने. सं. ११४५ तछलागा | 20 June 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com


## थाहामा महिलाको विभत्स हत्या

हेटौंडा, ५ असार/मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १ स्थित कुन्छाल बस्तीमा एक महिलाको बिभत्स तरिकाले हत्या भएको छ । बिहीबार दिउँसो ५५ वर्षीया तुलुमाया गोपालीको हत्या भएको हो । तुलुमायाको देवर नातापर्ने स्थानीय ३५ वर्षीय जीवन गोपालीले धारिलो हतियार प्रयोग गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले बताए । घटनापछि हत्या आरोपित जीवन गोपाली आफैं हतियारसहित अपराह्न ३ बजेर ४० मिनेट जाँदा इलाका प्रहरी कार्यालय पालुङमा उपस्थित भएका थिए । प्रहरीका अनुसार जीवन गोपालीलाई नियन्त्रणमा लिइएको छ र हाल घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ । इलाका प्रहरी कार्यालय पालुङले यस घटनालाई गम्भीरता साथ लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिएको छ ।

# वडाअध्यक्ष न्यौपानेमाथिको आक्रमणप्रति प्रमुख दलको संयुक्त विरोध

साझाकुरा संवाददाता





संयुक्त प्रेस विज्ञप्ती

मिति : २०८२/०३/०५

हेटौंडा उप-महानगरपालिका वडा नं १ का वडा अध्यक्ष एवम् कार्यपालिका प्रवक्ता श्री सबिन न्यौपाने माथी मिती २०८२/०३/०४ गते अज्ञात व्यक्तिहरू द्वारा आफ्नो कार्यकक्षमा प्रवेश गरी गरिएको साँघातिक आक्रमण प्रति मकवानपुर जिल्लामा क्रियाशील राजनैतिक दलहरूको गंभीर ध्यानाकर्षण भएको छ । समस्याको समाधानको वैकल्पिक उपाय भौतिक आक्रमण होइन यो त लोकतन्त्र प्रतिको अवमूल्यन हो । समस्या समाधानको उत्तम उपाय संवाद र समझदारी लाई उपहास गरी जनप्रतिनिधि माथी भएको अभद्र एवं अमानवीय व्यवहार प्रति घोर आपत्ति प्रकट गर्दछौं । यस प्रकृतिको अराजक गतिविधिहरूलाई आगामी दिनमा समेत दोहोरिन नदिने गरी घटनामा संलग्न दोषीहरुलाई तत्काल नियन्त्रणमा लिई प्रचलित कानुन बमोजिम कडा भन्दा कडा कारवाहीको लागी जिल्ला प्रहरी कार्यालय एवम् जिल्ला प्रशासन कार्यालय मकवानपुर सग जोडदार माग गर्दछौं ।

दस्तखत :

१. श्री बुद्ध लामा, ने.क. सभापति, मकवानपुर ।
२. श्री हिदम लामा, ने. क. पा. एमाले, उपाध्यक्ष, मकवान
३. श्री भीम पाखिन, ने. क. पा. माओवादी, मकवानपुर ।
४. श्री सागर थापा, रा.प्र.पा., का.वा. अध्यक्ष मकवान्पुर ।
५. श्री अस्मीता न्यौपाने, रा. स्व. पा., मकवानपुर ।
६. श्री विष्णु प्रसाद दहाल, ने.क.पा. एकिकृत ( समाजवादी ), अध्यक्ष मकवानपुर ।
७. श्री गुरू प्रसाद सापकोटा, अध्यक्ष, रा.प्र.पा. नेपाल, मकवानपुर ।

हेटौंडा, ५ असार/हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपाने माथि भएको सांघातिक आक्रमणप्रति मकवानपुर जिल्लाका ७ राजनीतिक दलले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

बिहिबार संयुक्त विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा(एकीकृत समाजवादी), राप्रपा, राप्रपा नेपाल, रास्वपाले जनप्रतिनिधि माथिको अमानवीय आक्रमण लोकतान्त्रिक मूल्य-मान्यतामाथिकै प्रहार भएको निष्कर्ष निकालेको हो । उनीहरुले घटनाको तत्काल छानबीन गरी दोषीलाई कडा कारबाही गर्न माग गरेका छन् । उनीहरुले घटनाको तत्काल छानबीन गरी दोषीलाई कडा कारबाही गर्न माग गरेका हुन् ।

समस्या समाधानको उत्तम उपाय सहकार्य र संवादलाई समेत उपहास गरी जनप्रतिनिधिमाथि भएको अभद्र एवम् अमानवीय व्यवहारप्रति घोर आपत्ती प्रकट गरिएको छ । नेपाली कांग्रेसका सभापति बुद्ध लामा, नेकपा एमालेका उपाध्यक्ष हिदम लामा, नेकपा माओवादी केन्द्रका संयोजक भीम पाख्रिन, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष विष्णु दाहाल, राप्रपाका कार्यबाहक अध्यक्ष सागर थापा, राप्रपा नेपालका अध्यक्ष गुरुप्रसाद सापकोटा, रास्वपाका अस्मिता न्यौपानेले विज्ञप्तिमा हस्ताक्षर गरेका छन् ।

दलहरुले बिहिबार नै जिल्ला प्रशासन कार्यालय मकवानपुरको पनि ध्यानाकर्षण गराएका छन् । यसैगरी नेकपा एमाले १ नं. वडा कमिटीका अध्यक्ष नारायणबहादुर सुनार र नेपाली कांग्रेस १ नं. वडा सभापति हरिकृष्ण महर्जनले विज्ञप्ति जारी गर्दै घटनाको भर्त्सना गरेका छन् । त्यस्तै घटनाको विरोधमा १ नं. वडा कार्यालयका सदस्यहरुले बिहिबार हातमा कालोपट्टी बाँधेर कार्यस्थलमा उपस्थित भएका थिए । नेपाल प्रेस युनियन मकवानपुरले पनि वडाध्यक्ष न्यौपानेमाथि कार्यकक्षमै भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

प्रेस युनियन मकवानपुरका पूर्वअध्यक्ष, रिपोटर्स क्लब नेपाल मकवानपुरका पूर्वअध्यक्ष तथा निरन्तर प्रकाशित 'क' बर्गको दैनिक पत्रिकाका प्रकाशक समेत रहेका न्यौपानेमाथि असार ४ गते दिउँसो ४ बजेको समयमा कार्यकक्षमै पुगेका कालो पोशाकमा मोटरसाइकलमा आएका समूहले मोबिल छ्याप्दै हातपात गरेको घटनाले प्रेस स्वतन्त्रता र जनप्रतिनिधिको सुरक्षाप्रति प्रश्न उठाएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

अध्यक्ष सुवास विडारीद्वारा जारी विज्ञप्तिमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार बाट जारी कानुन र परिपत्रअनुसार सार्वजनिक जिम्मेवारीवहन गरिरहेका जनप्रतिनिधिमाथि भएको आक्रमण आपत्तिजनक रहेको जनाइएको छ । प्रेस युनियनले आक्रमणकारीलाई तत्काल कानुनी प्रक्रियामा ल्याउन र दोषीलाई कडाभन्दा कडा कारबाही गर्न माग गरेको छ । विज्ञप्तिमा प्रेस युनियनले कानुनले दिएको अधिकार प्रयोग गरी कर्तव्यनिर्वाह गरिरहेका जनप्रतिनिधिमाथि भएको आक्रमणप्रति भर्त्सना गर्दै घटनाको निष्पक्ष छानबीन गरी दोषी पहिचान र सजायको सुनिश्चितता गर्न माग गरेको छ ।

त्यसैगरी मकवानपुर उद्योग वाणिज्य संघले पनि वडाअध्यक्ष न्यौपानेमाथि भएको घटनाको निन्दा गरेको छ । जनप्रतिनिधि र व्यापारीमाथि भएको आक्रमण सामाजिक अराजकताको पराकष्ठा भएको संघको ठहर छ ।

संघका अध्यक्ष प्रमोदसिंह रानाभाटद्वारा बिहिबार जारी विज्ञप्तिमा समाजमा शान्तिसुरक्षा कायम गर्न प्रहरी प्रशासनको ध्यानाकर्षण गराइएको छ । पदीय जिम्मेवारी पुरागर्ने क्रममा जनप्रतिनिधिले खेप्नुपर्ने आक्रमणको दुरावस्थाबाट समाजलाई जोगाउँदै शान्तिसुरक्षाको पूर्णप्रत्याभुति दिनुपर्ने कानुनी दायित्व निर्वाह गर्न संघले प्रहरी प्रशासनलाई आग्रह गरेको छ ।

# मनहरी पूर्णखोप सुनिश्चित पालिका घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/मकवानपुरको मनहरी गाउँपालिका 'पूर्णखोप सुनिश्चित पालिका' घोषणा गरिएको छ ।

पूर्णखोप कार्यक्रम मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको सभाध्यक्षता एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा भएको हो ।

समन्वय समितिका प्रमुख घलानले मनहरीलाई पूर्णखोप सुनिश्चित पालिका भएको घोषणा गरेका हुन् । घलानले घोषणा कार्यान्वयनलाई निरन्तरता दिन अनुरोध गरे । उनले पालिका अध्यक्ष कालाखेतीलाई मनहरी पूर्णखोप सुनिश्चित भएको प्रमाणपत्र प्रदान गरेका थिए । पालिकाले वडा खोप समन्वय समितिलाई र यस अभियानमा खटिने स्वास्थ्यकर्मीलाई सम्मानपत्र प्रदान गरेको थियो । पालिकाभित्र रहेका २३ महिनासम्मका बालबालिकाले पाउनुपर्ने सबै खोप प्राप्त गरेपछि मनहरीलाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको पालिकाका स्वास्थ्य शाखाप्रमुख रामचन्द्र दाहालले जानकारी दिए ।

२३ महिनासम्मका ७६६ जना बालबालिकाले पूर्णखोप प्राप्त गरेको उनले जानकारी दिए । यसका लागि कर्मचारी खटाएर घरधुरी सर्वेक्षण गर्नुका साथै जिल्ला खोप समन्वय समितिले अनुगमन गरेको थियो । मनहरीका अध्यक्ष कालाखेतीले अहिले जन्मिएका र अब जन्मिने बालबालिकाले पूर्णखोप पाउने वातावरण बनाउन पालिका कर्मचारीलाई निर्देशन दिए । कतिपय घोषणाहरु केवल घोषणामै सीमित हुने गरेको भन्दै उनले कार्यान्वयनको पाटोमा विशेष ध्यान दिनुपर्ने औंल्याए ।

कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजार, वडाअध्यक्षहरु, विद्यालय नर्सहरु, स्वास्थ्यकर्मीहरुको आतिथ्यता रहेको थियो ।

# पत्रकारितामा प्रविधिको प्रयोग बढाउनुपर्छः सभामुख पाठक

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले पत्रकारिता क्षेत्रमा प्रविधिको प्रयोग बढाउनुपर्ने बताएका छन् ।

बागमती प्रदेशसभा सचिवालयद्वारा आयोजित सञ्चार कर्मीसँगको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख पाठकले प्रविधिमा आएको तीव्र परिवर्तनले पत्रकारिताक्षेत्रमा चुनौती थपिएको बताएका छन् । प्रविधिसँग सहकार्य गर्दै सञ्चारक्षेत्र अघि बढ्न आवश्यक रहेको उनले जोड दिए । सभामुख पाठकले सामाजिक सञ्जालले पत्रकारितालाई चुनौती थपेको उल्लेख गर्दै प्रविधिको तीव्र विकासको प्रत्यक्ष असर पत्रकारितामा परेको बताए । नयाँ प्रविधिलाई आत्मसात गर्दै अघि बढ्नुको विकल्प नरहेको उनको धारणा थियो ।

जिम्मेवार पत्रकारिता कायम राख्न चुनौती भइरहेको वर्तमान परिवेशमा कुन सही र कुन गलत भनेर छुट्याउनसमेत गाह्रो हुने अवस्था आएको उनले बताए । त्यसैगरी उपसभामुख अप्सरा चापागाईंले सञ्चारकर्मीले तथ्यपरक भएर लेख्नुपर्ने बताइन् ।

प्रदेश सरकारका गतिविधि अगाडि बढाउन पत्रकारको भूमिका महत्वपूर्ण हुने धारणा राख्दै उपसभामुख चापागाईंले नेपालको संविधान निर्माण गर्न, लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि समेत पत्रकारले उल्लेखनीय भूमिका खेलेको स्मरण गरिन् । प्रदेशसभा र प्रदेश सरकारले गर्ने कार्यको मूल्यांकन, टिप्पणी गर्ने, रखवारी गर्ने र प्रचारप्रसार गर्ने जिम्मेवारी पत्रकारको भएको उनको भनाइ थियो ।

इन्द्रसरोवर गाउँपालिकाको मार्खुमा दुई दिनसम्म सञ्चालन भएको अन्तरक्रिया कार्यक्रमको पहिलो दिन 'नेपाली पत्रकारिताको अभ्यास र चुनौती' विषयमा वरिष्ठ पत्रकार युवराज घिमिरेले ऐतिहासिक सन्दर्भ, राजनीतिक उतारचढाव र वर्तमान यथार्थबीच सञ्चार माध्यमको भूमिकाबारे जानकारी गराएका थिए भने दोश्रो दिन बिहीबार पत्रकार दुर्गा खनालले 'राजनीति र संसदीय पत्रकारिता' विषयमा प्रस्तुतीकरण गरेकी थिइन् । कार्यक्रममा प्रदेशसभा सचिव रामकुमार पौडेल, प्रदेश सभा सचिवालयका सचिव पूर्णबहादुर दर्जी, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर लगायत मकवानपुरमा रहेर संसदीय पत्रकारिता गर्दै आइरहेका सञ्चारकर्मीको उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# कान्तीलोकपथ सडक ईजाजतको तयारी

यातायात व्यवस्था विभागले हेटौंडा-काठमाडौं जोड्ने कान्तीराजपथ सहित देशभरका थप २१ सडकलाई सडक प्रयोग ईजाजत दिने तयारी थालेको छ । निर्माण सम्पन्न भई सवारी गुडाउनयोग्य रहेका २१ सडकमा यातायात व्यवस्था बिभागले बाटो अनुमति जारी गर्ने भएको हो । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार सार्वजनिक सवारी साधन गुडाउन अनिवार्य बाटो अनुमति लिनुपर्ने व्यवस्था छ । विभागले २०७४ यता निर्माण सम्पन्न भएका सडकमा बाटो अनुमति दिने तयारी गरेको हो । यसअघि सडक निर्माण सम्पन्न भएपछि यातायात व्यवसायी आफैं बाटो अनुमति माग्न आउने गरेका थिए । तर, अहिले निर्माण सम्पन्न भएका सडकमा अनुमति नै नलिई सवारी संचालन गरिरहेको पाइएको र व्यवसायीले बाटो अनुमतिका लागि निवेदन नदिए पनि विभाग आफैंले अनुमति दिने प्रक्रिया अघि बढाएको हो ।

विभागका अनुसार इटहरी-कान्छिचौक-चतरा-गाईघाट-कटारी-भिमान-सिन्धुली-काठमाडौं, धरान-इटहरी-कान्छिचौक-चतरा-गाईघाट-कटारी-भिमान-सिन्धुली-काठमाडौं सडकमा नयाँ बाटो कायम गर्न लागेको हो । यी दुवै रुटको भिमान-सिन्धुली-काठमाडौं खण्डमा यसअघि नै अनुमति दिएको थियो । बर्दिबास-जलेश्वर (बर्दिबास हुँदै औरही नगरपालिका-१ भोइल, टिमकिया, कञ्चनपुर, रामगोपालपुर, बिर्ता, टिकुलिया, सरपल्लो, बहेडा बखरीचौक हुँदै जलेश्वर), हेटौंडा-सिन्धुली माडी (हेटौंडाबजार, हटिया, बकैया, बागमती गाँउपालिका, हरिहरपुरगढी, सुनकोसी मरिन डाइभर्सन आयोजना हुँदै सिन्धुली माडी बजार), पारस बसपार्क-गोलाघाट (पारस बसपार्क, चौबिसकोठी, कल्याणपुर, मंगलपुर, रामपुर, चनौली बजार, पर्साढाप, मेघौली हुँदै गोलाघट) सडकलाई बाटो कायम गर्न लागिएको हो । चितवनको हाकिमचोक-मागी (हाकिमचोक, टाइगरचोक, पकौडी, पटिहानी, कसाराचोक, जगतपुर हुँदै माडी नगरपालिका-३ वसन्तपुरसम्म), ठोरी-वीरगंज (ठोरीबजार, बाघमोर्चा, गमरियाचोक, बहुअरीचोक हुँदै वीरगंज बसपार्कसम्म), कान्तिलोकपथ (काठमाडौ-सातदोबाटो-चापागाँउ-टीकाभैरव-भट्टेडाँडा-हेटौंडा), काठमाडौं-मुग्लिङ-नारायणघाट-बर्दिबास, बर्दिवास-रोजा-मडई-जलेश्वर, बर्दिवास-जनकपुर, जनकपुर-लोहारपट्टी, जनकपुर-परसाही, जनकपुर-तिनकोरिया-सरावे-माची-खजुरी सडकलाई अनुमति दिन लागिएको हो ।

जनकपुर-जलेश्वर, जलेश्वर-भिट्ठामोड, जलेश्वर-बखरी-एकडरा-मनरा, काठमाडौं-हेटौंडा, हेटौंडा-सिन्धुली, सिन्धुली-भिमान-गाईघाट-चतरा-इटहरी, भैरहवा-परासी-भुमही, तौलिहवा-बहादुरगञ्ज, सन्धिखर्क-बलकोट-छत्रगञ्ज-तम्घास र रिडी-वामिटक्सार-बुर्तिवाङ सडकलाई अनुमति दिइने तयारी गरिएको हो । यातायात व्यवस्था विभागले निर्माण सम्पन्न भएका २१ सडकमा बाटो अनुमति दिने तयारी गरिएको बताएको हो । पछिल्लो ८ वर्षयता निर्माण सम्पन्न भएका नयाँ सडकमा बाटो अनुमति कायम गर्न लागिएको हो । सडक प्रयोग ईजाजत जारी नभएकै कारण राज्यले पाउने राजस्व गुमिरहेको थियो । बाटो अनुमति दिन देशका पूर्वीक्षेत्रका सडकको स्थलगत अनुगमन गरिसकिएको बिभागले बताएको छ । अब चाँडै पश्चिमक्षेत्रका सडकको स्थलगत अनुगमन गर्ने तयारी भइरहेको जानकारी बिभागले दिएको छ । अबको डेढ/दुई महिनाभित्रै नयाँ सडकलाई अनुमति दिइने भनाइ छ । नयाँ निर्माण भएका सडकमा विभागले बाटो अनुमति नदिई सार्वजनिक सवारी साधन चलाउँन पाइँदैन । विभागले हालसम्म देशभरका २८० सडकमा बाटो अनुमति दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ७ गते शनिबार २१ जुन २०२५ । एकादशी, असाढ कृष्णपक्ष । तछलागा ११४५ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०१ । विश्व योग दिवस । योगिनी एकादशी व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : त्रासमय दिन हुनेछ | तुला | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| वृष | : खानपिन राम्रो हुनेछ | वृश्चिक | : पारिवारिक जमघट हुनेछ |
| मिथुन | : शरीरमा बाधा पुग्न सक्नेछ | धनु | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कर्कट | : मन पर्ने उपहार पाइने योग छ | मकर | : कामबाट फुर्सद मिल्नेछ |
| सिंह | : प्रतिष्ठित काम गर्ने मौका छ | कुम्भ | : सहयोगीको राम्रो साथ पाइनेछ |
| कन्या | : आत्म-विश्वास बढ्नेछ | मीन | : रोकिएका काम बन्ने योग छ |

# नेपालको पूँजीबजारलाई दोस्रो स्टक एक्स्चेन्ज कति आवश्यक ?



✍ राजन कुमार झा

नेपालको पूँजीबजार लामो समयदेखि नेपाल सरकारको स्वामित्वमा रहेको र नेपाल धितोपत्र बोर्ड (सेबोन) ले नियमन गर्ने नेप्से (नेपाल स्टक एक्स्चेन्ज) को एकमात्र व्यवस्थापनमा सञ्चालनमा छ । नेप्सेले विगतमा बजारलाई आधारभूत संरचना दिए पनि देशको आर्थिक विकासको तीव्र गति र पूँजीबजारको बढ्दो दायरासँगै यसका क्षमता र सीमितता अब स्पष्ट देखिन थालेका छन् । विश्वव्यापी वित्तीय बजारमा भइरहेका परिवर्तन र नेपालको आर्थिक उदारीकरण लक्ष्य हेर्दा एउटै स्टक एक्स्चेन्ज भविष्यका चुनौती र अवसरलाई पूर्णरूपमा सम्बोधन गर्न सक्दैन भन्ने यथार्थ अझ प्रष्ट भएको छ । नेपाली पूँजीबजारले अब गुणात्मक फड्को मार्ने बेला आएको छ, जसका लागि संरचनागत सुधार र आधुनिकीकरण अपरिहार्य देखिन्छ । हाल नेपालमा दोस्रो स्टक एक्स्चेन्ज स्थापना गर्ने विषयले ठूलो चर्चा पाएको छ । यो लेखमार्फत नेपाली पूँजीबजारको भविष्यबारे गहिरो विश्लेषण गर्दै यसका ऐतिहासिक पक्ष, हालका चुनौती, भविष्यका अवसर, प्रतिस्पर्धाको महत्त्व र अन्तर्राष्ट्रिय अभ्यास समेट्दै देशको आर्थिक विकासमा पूँजीबजारको भूमिकाबारे महत्त्वपूर्ण जानकारी दिने प्रयास गरिएको छ ।

**अर्को स्टक एक्स्चेन्जको आवश्यकता : ऐतिहासिक पृष्ठभूमि र नीतिगत आधार**

नेपालमा दोस्रो स्टक एक्स्चेन्जको बहस आजको होइन, यो दशकौंदेखि चलिरहेको विषय हो । विभिन्न सरकार र नियमनकारी निकायले यसको आवश्यकतालाई पटक-पटक स्वीकारेका छन् । दोस्रो स्टक एक्स्चेन्जको आवश्यकता पूँजीबजारको स्वाभाविक विकासक्रम र गहन अध्ययनहरूको प्रतिफल हो, आकस्मिक निर्णय होइन । लालमणि जोशी (२०६५) र भीष्म ढुंगाना संयोजकत्वका समितिले बजार प्रतिस्पर्धा र एकाधिकार अन्त्यका लागि विगतमा नै दोस्रो एक्स्चेन्ज अपरिहार्य औंल्याएका थिए । हालै सार्वजनिक चिन्तामणि शिवाकोटीको प्रतिवेदनले पूँजीबजारको वर्तमान अवस्था, सीमित प्राविधिक पूर्वाधार र भविष्यको कारोबार चाप विश्लेषण गर्दै अर्को एक्स्चेन्जको आवश्यकतालाई थप बल पुर्‍याएको छ । यो प्राविधिक वा आर्थिक आवश्यकतामा मात्र सीमित छैन । देशको सर्वोच्च नीति निर्माण निकाय र न्यायपालिकाबाट समेत यसले अनुमोदन पाएको देखिन्छ। संसद्को अर्थ समितिले सरकारलाई अर्को स्टक एक्स्चेन्ज स्थापना गर्न सिफारिस गरेको छ । त्यस्तै नयाँ एक्स्चेन्ज रोक्न परेको रिट सर्वोच्च अदालतले खारेज गरेपछि यस सरकारी पहलले वैधानिकता पनि पाएको छ ।

**वर्तमान पूजीबजारको सीमितता र बढ्दो कारोबार चाप**

पछिल्लो दशकमा लगानीकर्ता संख्या र पूँजीकरणमा उल्लेख्य वृद्धि भए पनि नेपालको पूँजीबजारको पूर्वाधार र प्रविधिमा अपेक्षित सुधार देखिन सकेन, जसको परिणाम स्वरूप बजारको दिगो विकासमा चुनौती थपिँदै गएका छन् । हाल नेप्सेमा सूचीकृत करिब २ सय ५० कम्पनीमध्ये अधिकांश बैंकिङ, बीमा र जलविद्युत क्षेत्रका छन्, जसले बजारमा क्षेत्रगत सन्तुलन अभाव प्रष्ट्याउँछ । एउटै स्टक एक्स्चेन्जले विद्यमान कम्पनीहरूको कारोबार भार थेग्नुपर्दा, भविष्यमा सयौं आईपीओको लाइनमा रहेका कम्पनी र निर्माणाधीन करिब ७ सय जलविद्युत् कम्पनीको विशाल चाप धान्न नसक्ने प्रबल सम्भावना छ । यो अवस्थाले पूँजीबजारमा जोखिम बढाउनुका साथै लगानीकर्ताको विश्वासमा गम्भीर असर पार्न सक्छ, किनकि एउटै प्रणालीमा यति धेरै चापले कम्पनी सूचीकरण प्रक्रियामा ढिलाइ र समग्र व्यवस्थापनमै जटिलता थप्ने छ ।

त्यसैले नयाँ कम्पनीलाई बजारमा आकर्षित गर्न, क्षेत्रगत सन्तुलन मिलाउन र साना तथा मझौला कम्पनीलाई समेत पूँजीबजारमा सहज प्रवेश गराउन अर्को स्टक एक्स्चेन्जको आवश्यकता औंल्याइएको हो । नेप्सेको सर्भर ह्याङ हुने र क्र्यास हुने बारम्बारका समस्याले लगानीकर्तालाई आजित पारिसकेको छ, जुन 'एकल-बिन्दु विफलता को ज्वलन्त उदाहरण हो । एक्कासि, कारोबार बढ्दा नेप्सेको कमजोर सर्भर र पुरानो प्रविधिले भार धान्न नसकेर प्रणाली नै ठप्प भएको धेरै दृष्टान्त हामीले विगतमा देखेका छौं । त्यस्तै नेप्सेको कमजोर पूर्वाधारका कारण केही ठूला खेलाडीले बजार कमजोरीको फाइदा उठाउँदै अर्बौं कमाइरहेको आरोप लाग्ने गरेको छ, जसले साना लगानीकर्तालाई जोखिममा पारेको छ । यो विषय पत्रपत्रिका तथा संसद्मा समेत बेलाबेला उठ्ने गरेको देखिन्छ । यद्यपि, अझ आधुनिक र परिष्कृत दोस्रो एक्स्चेन्जले बजारमा पारदर्शिता र निष्पक्षता बढाएर यस्ता अनियमितता धेरै हदसम्म नियन्त्रणमा लिन सक्छ । यी सबै प्रणालीगत कमजोरीले अब नेपाललाई बलियो, आधुनिक र वैकल्पिक कारोबार प्रणालीको खाँचो भएको स्पष्ट देखाउँछन् ।

**एनआरएनको लगानी र पूँजीबजारको बृहत विस्तार अवसर**

नेपालको पूँजीबजारलाई अन्तर्राष्ट्रियकरण गर्ने दिशामा २०८२/८३ को बजेटले एनआरएनलाई दोस्रो बजारमा लगानीको अनुमति दिएर महत्त्वपूर्ण पाइला चालेको छ । यसबाट बजारमा नयाँ पूँजी, जोस र व्यावसायिक सोच भित्रिने आश छ । लाखौं एनआरएनलाई सिधै पूँजीबजारमा जोड्दा देशमा पूँजीको नयाँ स्रोत खुल्छ, जसले तरलता बढाउँछ र कम्पनीलाई पूँजी जुटाउन सहज हुन्छ । यो निर्णयले नेपालको अर्थतन्त्रलाई विश्वव्यापी बजारसँग जोड्न मद्दत गर्छ ।

तर, एनआरएनलाई आकर्षित गर्न भरपर्दो, सुरक्षित र सजिलो कारोबार प्रणाली हुनैपर्छ । एनआरएन भित्रिँदा कारोबारको मात्रा र लगानीकर्ता संख्या ह्वात्तै बढ्ने अनुमान छ । थोरैथोरै रकमबाटै पनि अर्बौंको नयाँ लगानी तुरुन्तै भित्रिन सक्छ, जुन निरन्तर बढ्दै जाने छ । यसले अहिलेको कारोबार भोल्युमलाई कयौं गुणा बढाउन सक्छ । अहिलेकै प्रणाली सामान्य अवस्थामा पनि बारम्बार क्र्यासु हुने गरेकोले कि त नेप्सेले छोटो समयमै आफ्नो पूर्वाधार र क्षमता ह्वात्तै बढाउनुपर्छ (जसको सम्भावना निकै कम छ), होइन भने अर्को स्टक एक्स्चेन्ज स्थापना गर्नु अनिवार्य भएको छ । नयाँ एक्स्चेन्जले बलियो, स्थिर र अत्याधुनिक प्रविधि दिएर यो विशाल कारोबार सजिलै सम्हाल्न सक्छ र एनआरएनलाई नेपालको विकासमा अझ बढी जोड्न पनि मद्दत गर्न सक्छ ।

**प्रतिस्पर्धा, दक्षता र सेवा गुणस्तरमा क्रान्ति**

पूँजीबजारमा एकाधिकार स्वस्थ प्रतिस्पर्धात्मक वातावरणका लागि सामान्यतया अनुकूल मानिँदैन, किनकि सरकारी स्वामित्वका कम्पनीहरू एकाधिकारमा सफल भएका उदाहरण कमै पाइन्छन् । एकाधिकारले नयाँपन र सेवाको गुणस्तरमा कमी ल्याउन सक्ने सम्भावना रहन्छ, जसको प्रत्यक्ष असर लगानीकर्तामाथि पर्न सक्छ । नेपाल टेलिकमको एकाधिकार तोडिएपछि निजी सेवा प्रदायक एनसेल आगमनले प्रतिस्पर्धा बढायो र टेलिकमलाई समेत सेवा सुधार्न बाध्य बनायो भन्ने उदाहरणले प्रतिस्पर्धाले सरकारी संस्थालाई चुस्त बनाउन र समग्र बजारको विकासमा मद्दत गर्न सक्ने देखाउँछ । यही सिद्धान्त पूँजीबजारमा पनि लागु हुन सक्छ, प्रतिस्पर्धाले नेप्सेलाई थप चुस्त र प्रभावकारी बनाउन मद्दत गर्न सक्छ । दोस्रो स्टक एक्स्चेन्ज भित्रिएपछि नेप्से पनि अत्याधुनिक प्रविधि, चुस्त सेवा र थप पारदर्शी बन्न बाध्य हुनेछ । यसले समग्र पूजीबजारको दक्षता र गुणस्तरमा सुधार ल्याउने छ, जसको प्रत्यक्ष लाभ लगानीकर्ता र कम्पनीहरूले प्राप्त गर्नेछन् । ब्रोकर सेवाको गुणस्तरमा वृद्धि, कारोबार शुल्कमा प्रतिस्पर्धा, छिटो र भरपर्दो कारोबार प्रणाली तथा नयाँ उत्पादनको विकास यसका केही प्रत्यक्ष फाइदा हुन् । प्रतिस्पर्धाले गर्दा एक्स्चेन्जहरूले लगानीकर्तालाई आकर्षित गर्न नवीनतम प्रविधि अपनाउनुपर्ने हुन्छ, जसले बजारलाई अझ सुरक्षित र कुशल बनाउँछ ।

खुला बजार, निजी क्षेत्र र लगानीकर्ता
नेपाल खुला अर्थतन्त्र र ग्लोबलाइजेसनको युगमा भए पनि हाम्रो पूँजीबजारमा भने विकल्प सीमित छन् । धितोपत्र बोर्ड (सेबोन) ले अझै डेरिभेटिभ्स र कमोडिटी कारोबारलाई अनुमति नदिएको तथा नेप्सेसँग पनि यस्ता उपकरण उपलब्ध नभएकाले हामी विश्वव्यापी बजारको प्रतिस्पर्धामा पछाडि परेका छौं । यसले बजारको गहिराइ र तरलता सीमित बनाउँदै नेपाली लगानीकर्तालाई विश्वव्यापी अवसरबाट वञ्चित गरिरहेको छ । यस्तो अवस्थामा दोस्रो स्टक एक्स्चेन्ज स्थापनाले डेरिभेटिभ्स र कमोडिटी कारोबारका लागि नयाँ प्रणाली स्थापना गर्दै बजारमा नयाँ आयाम थप्न सक्छ । ग्लोबलाइजेसनको सिद्धान्त अनुरूप वित्तीय क्षेत्रमा प्रतिस्पर्धा आवश्यक रहेकाले दोस्रो एक्स्चेन्ज आगमनले नेप्सेलाई अत्याधुनिक प्रविधि, चुस्त सेवा र थप पारदर्शी बन्न बाध्य पार्दै समग्र बजारको दक्षता र गुणस्तरमा सुधार ल्याउन सक्ने छ । यस प्रतिस्पर्धाले ब्रोकर सेवाको गुणस्तरमा सुधार ल्याउनुका साथै कारोबार शुल्क घटाउने, छिटो र भरपर्दो प्रणाली विकास गर्ने तथा नयाँ उत्पादन भित्र्याउने सम्भावना रहन्छ, जसबाट बजार अझ सुरक्षित र कुशल बन्नुका साथै लगानीकर्तालाई जोखिम व्यवस्थापनका थप अवसर प्राप्त हुन सक्छन् ।

**अन्तर्राष्ट्रिय अभ्यास : भारतीय सेयर बजारको सफलता**

अन्तर्राष्ट्रिय अभ्यासले पनि धेरै स्टक एक्स्चेन्जको आवश्यकता पुष्टि गर्छ । विश्वका धेरै विकसित र विकासोन्मुख राष्ट्रमा एकभन्दा बढी स्टक एक्स्चेन्ज सफलतापूर्वक सञ्चालित छन् । यो प्रवृत्तिले एकाधिकारभन्दा प्रतिस्पर्धालाई नै बजार विकासका लागि उत्तम बाटोका रूपमा स्वीकारेको छ । भारतीय सेयर बजार यसको उत्कृष्ट उदाहरण हो । भारतमा सन् १८७५ मा स्थापित बम्बई स्टक एक्सचेन्ज (बीएसई) परम्परागत प्रणालीमा आधारित थियो । तर, सन् १९९२ मा नेसनल स्टक एक्स्चेन्ज (एनएसई) स्थापनाले भारतीय पूँजीबजारमा क्रान्तिकारी परिवर्तन ल्यायो । एनएसईले सुरुदेखि नै अत्याधुनिक प्रविधि र राष्ट्रव्यापी स्वचालित कारोबार प्रणाली भित्र्यायो, जसले गर्दा बीएसईलाई पनि आफ्नो प्रविधि सुधार्न र आधुनिक बन्न बाध्य बनायो ।

आज बीएसई र एनएसई दुवै विश्वकै ठूला र सफल स्टक एक्स्चेन्जमा गनिन्छन्, जहाँ प्रत्येक वर्ष खर्बौं अमेरिकी डलर बराबर कारोबार हुने गरेको छ । खासगरी एनएसई विश्वकै सबैभन्दा ठूलो डेरिभेटिभ्स एक्स्चेन्जमध्ये एक हो भने इक्विटी कारोबारमा पनि अग्रणी स्थानमा छ । यी दुई एक्स्चेन्जबीचको स्वस्थ प्रतिस्पर्धाले भारतीय पूँजीबजारमा तरलता बढाइ, लगानीकर्तालाई थप विकल्प दिई, नयाँ वित्तीय उत्पादन भित्र्याइ र समग्र बजार थप गतिशील तथा पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले भारतीय अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‍याउँदै देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) को ठूलो हिस्सा ओगटेको छ । भारतीय बजारको यो सफलताले नेपालमा पनि दोस्रो स्टक एक्स्चेन्जले पूँजीबजार विकासमा कस्तो सकारात्मक प्रभाव पार्न सक्छ भन्ने स्पष्ट दृष्टान्त प्रस्तुत गर्छ । यदि दोस्रो स्टक एक्स्चेन्जले अत्याधुनिक प्रविधि र अन्तर्राष्ट्रिय मापदण्ड अपनाए नेपालको पूँजीबजार अन्य देशका बजारसँग जोड्न (क्रस-लिस्टिङ/डुअल-लिस्टिङ) पनि सहज हुनेछ । यसले नेपाली कम्पनीलाई अन्तर्राष्ट्रिय पूँजीमा पहुँच पुर्‍याउनुका साथै विदेशी लगानीकर्तालाई नेपालमा आकर्षित गर्न सक्छ ।

**राजनीतिक अस्थिरता र विकासको गति**

नेपालमा अहिले कुनै पनि दलले स्पष्ट बहुमत पाउन कठिन छ, जसले गर्दा सधैं त्रिशंकु संसद् र सम्झौतामा आधारित सरकार बन्ने सम्भावना रहन्छ । विभिन्न राजनीतिक दलका आ-आफ्नै स्वार्थ र प्राथमिकताले गर्दा विद्यमान संस्थाहरूको सशक्तीकरण र विकास प्रक्रियामा ढिलाइ हुन सक्छ । यसरी नीतिगत निर्णयमा ढिलाइ र कार्यान्वयनमा सुस्तता आउँदा नागरिक्ले पाउनुपर्ने आर्थिक अवसरमा बाधा पुग्छ ।

पूँजीबजारमा आधुनिकता र दक्षता अभावले लगानीकर्तालाई घाटामात्र नभई नयाँ व्यापारिक अवसरबाट समेत वञ्चित गराउँछ । जबसम्म विद्यमान संस्थालाई पूर्णरूपमा सशक्त र सक्षम बनाउन राजनीतिक प्रतिबद्धता र निरन्तरता सुनिश्चित हुँदैन, तबसम्म नागरिकले यसको मूल्य चुकाउनुपर्ने अवस्था रहन्छ । नागरिकको पूँजीबजारमा सुरक्षित, पारदर्शी र दक्षतापूर्ण पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । लामो समयसम्म एकाधिकार कायम राख्दा र राजनीतिक खिचातानीका कारण संस्थागत सुधारमा ढिलाइ हुँदा त्यसको प्रत्यक्ष मार समग्र अर्थतन्त्र र लाखौं लगानीकर्तामाथि पर्छ । त्यसैले, तत्कालै प्रतिस्पर्धी संयन्त्रको विकास गर्नु अपरिहार्य छ ।

**भविष्यको दृष्टिकोण : पूँजीबजारको नयाँ युग**

नेपालको पूँजीबजारले अब परम्परागत ढाँचाबाट माथि उठेर आधुनिक र गतिशील स्वरूपमा विकास हुनुपर्छ, जसका लागि दोस्रो स्टक एक्स्चेन्ज स्थापना एउटा महत्त्वपूर्ण कदम हो । नयाँ एक्स्चेन्जले उच्च-गतिको ट्रेड म्याचिङ इन्जिन, रियल-टाइम डाटा फिड, उन्नत जोखिम व्यवस्थापन प्रणाली र बलियो साइबर सुरक्षा प्रोटोकल जस्ता नवीनतम प्रविधि भित्र्याएर कारोबारलाई अझ छिटो, सुरक्षित र पारदर्शी बनाउन सक्ने हुनुपर्छ, जसले बजारलाई 'स्मार्ट मार्केट' को दिशामा लैजान सक्ने छ । यसमा कृत्रिम बुद्धिमत्ता र मेसिन लर्निङ प्रयोग गरी बजार प्रवृत्ति विश्लेषण गर्दै लगानीकर्तालाई अझ सशक्त निर्णय लिन मद्दत पुग्नुका साथै ब्लकचेन प्रविधिजस्ता उदीयमान प्रविधि प्रयोगले धितोपत्रको राफसाफ र फछ्र्योट प्रक्रिया थप कुशल र सुरक्षित बनाउन सक्ने छ । नयाँ एक्स्चेन्जले परम्परागत इक्विटी कारोबार अतिरिक्त बन्ड मार्केट, कर्पोरेट बन्ड र हरित बन्डजस्ता नयाँ वित्तीय उत्पादन प्रवर्द्धन गरी बजार गहिराइ बढाउनुका साथै कम्पनीलाई पूँजी परिचालनका लागि थप विकल्प प्रदान गर्न सक्ने हुनुपर्छ ।

**पूँजीबजारबाट राजस्व वृद्धि : आगामी बजेटलाई टेवा**

नेपालको पूँजीबजारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटलाई टेवा दिन सक्छ । राजस्व संकलनमा कमी र विदेशी अनुदान घटेकाले सरकारले करिब ६ खर्ब रुपैयाँसम्म ऋण बढ्ने चिन्ता व्यक्त भइरहेको बेला पूँजीबजारको आकार विस्तारबाट राजस्व वृद्धि एक महत्त्वपूर्ण समाधान हुन सक्छ । यसको सम्भावना सेयर कारोबारमा उल्लेख्य वृद्धि र कमोडिटी एक्स्चेन्जको उदयमा निहित छ । चालु आव २०८१/८२ फागुन मसान्तसम्म मात्रै सेयर बजारबाट १२ अर्ब २० करोड रुपैयाँभन्दा बढी पूँजीगत लाभकर (सीजीटी) संकलन हुनुले यो तथ्यलाई पुष्टि गर्छ, जबकि कमोडिटी एक्स्चेन्ज स्थापना र सक्रिय सञ्चालनले वस्तु कारोबारबाट प्राप्त हुने शुल्क र करमार्फत राजस्वको नयाँ स्रोत खोल्नेछ, जुन क्षेत्र नेपालमा हालसम्म पूर्णरूपमा उपयोगमा आइसकेको छैन । प्रत्यक्ष करका अतिरिक्त एक जीवन्त पूँजीबजारले समग्र अर्थतन्त्रमा लगानीलाई प्रोत्साहित गर्दै पूँजी निर्माणमा सहयोग पुर्‍याउँदै र व्यवसाय विस्तार नेतृत्व गर्दै गुणात्मक प्रभाव पार्छ, जसले अन्ततः समग्र कर आधारलाई फराकिलो बनाउँछ । यद्यपि, पूँजीबजार अस्थिर हुने भएकाले सीजीटी र कमोडिटी कारोबारबाट हुने राजस्व बजार मनोवृत्ति, आर्थिक अवस्था र लगानीकर्ताको विश्वासका आधारमा घटबढ हुन सक्छ र कमोडिटी एक्स्चेन्जको सफलताका लागि बलियो नियामक संरचना र स्पष्ट करनीति अपरिहार्य छन् ।

**निष्कर्ष : राष्ट्रिय समृद्धिको अनिवार्य कदम**

नेपालमा दोस्रो स्टक एक्स्चेन्ज स्थापना केवल प्रतिस्पर्धाका लागिमात्र नभई राष्ट्रिय अर्थतन्त्र विकास, पूँजीबजारको आधुनिकीकरण, विस्तार र अन्तर्राष्ट्रियकरणका लागि अपरिहार्य छ । यो लगानीकर्ताको अधिकार, पूँजीबजारको स्थायित्व र समग्र राष्ट्रिय समृद्धिका लागि महत्त्वपूर्ण कदम हो । यसले पूँजीबजारबाट राष्ट्रको राजस्व बढाउनुका साथै डेरिभेटिभ्स र कमोडिटी बजारजस्ता नयाँ स्रोतबाट पनि आम्दानीको ढोका खोल्छ । बढ्दो कम्पनी सूचीकरणको चाप, एनआरएन लगानी भित्र्याउने अवसर, कमोडिटी र डेरिभेटिभ्स जस्ता नयाँ बजार खण्डको आवश्यकता, प्रतिस्पर्धाबाट आउने दक्षता र सेवाको गुणस्तर सुधार, प्रणालीगत जोखिम व्यवस्थापन, भूमण्डलीकरणको माग र निजी क्षेत्र प्रवर्द्धन अवधारणाले अर्को स्टक एक्स्चेन्जको आवश्यकतालाई बलियो तार्किक आधार दिन्छ । अन्तर्राष्ट्रिय अभ्यास, विशेषगरी भारतीय बजारको सफलताले, बहु-एक्स्चेन्ज प्रणालीले बजारलाई कसरी परिपक्व र गतिशील बनाउन सक्छ भन्ने स्पष्ट उदाहरण देखाउँछ । वर्तमान एकल प्रणालीमा देखिएका प्राविधिक अपर्याप्तता र बारम्बारका समस्याले लगानीकर्तामा पारेको आर्थिक नोक्सानी तथा विश्वासको संकट सम्बोधन गर्न र भविष्यमा देखिएको पूँजीबजार विस्तारको अपार सम्भावना मध्यनजर गर्दै दोस्रो स्टक एक्स्चेन्ज एक सम्भावित र आवश्यक विकल्प हुन सक्छ ।

# जलविद्युत्मा अनिश्चितता उब्जाउने 'टेक एन्ड पे'

✍ राजु श्रेष्ठ

आगामी आर्थिक वर्ष २०८२८३ को बजेटलाई निजी क्षेत्रका अधिकांश संगठनले स्वागत गर्दै निजी क्षेत्रमैत्री बजेटका रुपमा व्याख्या गरिहेका छन् । तर, जलविद्युत् क्षेत्रका उद्यमी व्यवसायीले भने बजेटमा गरिएको व्यवस्थाको विरोध गर्दै आन्दोलनमा उत्रिने चेतावनीसमेत दिँदै आएका छन् । पछिल्लो घटनाक्रमलाई हेर्दा सरकार-जलविद्युत् उद्यमीबीचको सम्बन्ध द्वन्द्वात्मक देखिएको छ । बजेटमा उल्लेख नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाका लागि 'टेक एन्ड पे' अवधारणाअनुरूप विद्युत् खरिद सम्झौता गरिने भन्ने वाक्यांशले सो स्थिति सिर्जना गरेको हो । अर्थ मन्त्रालय उक्त प्रावधानलाई यथावत् राख्ने मनस्थितिमा देखिन्छ, जलविद्युत् उद्यमीहरू त्यसलाई स्वीकार गर्न नसक्ने अवस्थामा छन् । तालुकदार ऊर्जा मन्त्रालयको भूमिका भने स्पष्ट देखिँदैन । हालसम्मको अभ्यासअनुसार, नेपाल विद्युत् प्राधिकरणले जलविद्युत् आयोजनाहरुसँग विद्युत् लेऊ या शुल्क तिर 'टेक अर पे' प्रणालीमा पीपीए गर्दै आएको छ । यसले ऊर्जा उत्पादकलाई आम्दानीको प्रत्याभूति दिन्छ तर संसद्मा विचाराधीन विद्युत् विधेयक र आगामी आवको बजेटमा 'टेक एन्ड पे' अर्थात् आवश्यकताअनुसार विद्युत् लिने र त्यसपछि मात्र भुक्तानी गर्ने प्रणाली लागू हुने भएपछि जलविद्युत् क्षेत्रमा हुने लगानीमा जोखिम बढाएको जलविद्युत् उद्यमीको दाबी छ ।

बजेटमा नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाका लागि 'टेक एन्ड पे' अवधारणा अनुरूप खरिद गरिने उल्लेख भएपछि जलविद्युत् उद्यमीहरु सो व्यवस्थालाई संशोधन गराउन दबाब सिर्जना गरिरहेका छन् तर आजको दिनसम्म सफल भएको देखिँदैन । बरु समस्या समाधान हुनेभन्दा पनि गिजोलिँदै गएको छ ।

**सर्वत्र अन्योलता**

जलविद्युत् उच्च लगानीयुक्त क्षेत्र हो । एक मेगावाटको आयोजना निर्माण गर्न नै २० करोड रुपियाँको हाराहारीमा लागत लाग्छ । यसका निम्ति प्रवर्द्धकको स्वपुँजी मात्रै होइन, बैंक तथा वित्तीय संस्था र सर्वसाधारणको समेत लगानी हुन्छ । यस्तो उद्योग (आयोजना)बाट हुने उत्पादन (विद्युत्) खरिद-बिक्रीमा लागू हुने नियम वा व्यवस्था सरोकारवालाहरुसँगको छलफल र औचित्यका आधारमा ल्याउनुपर्छ । कसैको सनकका भरमा आउने यस्ता अवधारणाले असमझदारी निम्त्याउने र लगानीको वातावरण बिथोल्ने काम मात्रै गर्छ ।

प्रचलित 'टेक अर पे' प्रणालीअन्तर्गत प्राधिकरणले निर्धारित विद्युत् परिमाण खरिद गरेर त्यसको मूल्य तिर्नुपर्ने हुन्छ, प्राधिकरणबाट विद्युत् बिक्री नभए पनि यसले ऊर्जा उत्पादकलाई आफ्नो उत्पादन बिक्री हुने र आम्दानी हुने सुनिश्चित गराउँछ । त्यसैका आधारमा बैंक तथा वित्तीय संस्थाहरूले ऋण लगानी पनि गर्दै आएका छन् ।

क्रमशः पृष्ठ-३....

# कर्णालीका अर्थमन्त्रीलाई दाइहरूको दबाब



सुर्खेत/एउटा १० वर्षे चकचके बालक । एक दिन परिवारसँग पिकनिक गएका थिए । उनका बुवा देशको एक उच्चपदस्थ कर्मचारी थिए । बुवालाई राज्यले गाडी, आकर्षक तलब लगायतका सेवा-सुविधा दिएको थियो । ती बालकको मावली देशको राजपरिवार थियो । उनी सत्ता, शक्ति र पहुँचको घेरामा हुर्के-बढेका थिए । पारिवारिक पिकनिक गएका उनलाई त्यो जमघट मन परेन । ड्राइभरलाई भनेर तत्काल बुवाको सरकारी गाडीमा घर फर्किए । बेलुका घर फर्किएका बुवाले उनलाई नराम्रोसँग झपारे । कारण थियो, सरकारी गाडी चढ्नु । बुवाले उल्टै उनलाई प्रश्न गरे, त्यो गाडी तिम्रो बुवाको हो ? जे मन लाग्यो त्यही गर्ने ?

उनले त्यसअघि आफनो बुवालाई त्यसरी रिसाएको कहिल्यै देखेका थिएनन् । त्यति सारो थर्काइ खाने ठूलै कसुर पनि त केही थिएन । गल्ती थियो त, बुवालाई राज्यले दिएको सरकारी गाडीमा चढ्नु । राज्यले दिएको गाडीमा आफ्नै छोरा चढ्दा यसरी थर्काउने बुवा थिए, नेपालको पहिलो जेट विमान चालक बबिविक्रम शाह । थर्काइ खाने छोरा थिए, राजीवविक्रम शाह । झुक्किएर बुवाको सरकारी गाडी चढ्दा बुवाले गरेको गाली अहिले पनि राजीवको कानमा गुन्जिन्छ । 'हाम्रो मुवा, बहिनी, हामी कसैले पनि बुवालाई राज्यले दिएको गाडीमा चढ्न पाउँदैनथ्यौं,' विगत सम्झिँदै राजीव भन्छन्, 'इथिक्सभन्दा बाहिरको काम गर्ने छुट परिवारले बच्चैदेखि दिएन । हामीलाई त्यसरी नै हुर्काइयो ।'

सिंह शमशेरकी नातिनी अर्थात् अर्जुन शमशेर राणाकी कान्छी छोरी जया शाह राजीवकी आमा हुन् । राजीवको हुर्काइ-बढाइ पनि राजपरिवारकै शैलीमा भयो । राजीव र उनकी बहिनीको लागि बच्चैदेखि सुत्ने, उठ्ने, खाने, पढ्ने र घुमफिर गर्ने एउटा निश्चित समय तालिका परिवारले निर्धारण गरि दिएको थियो । उनीहरूलाई नैतिकता, आचरण, सभ्यता र संस्कारको शिक्षा दिइन्थ्यो । अलिकति हुर्केपछि राजीव पढ्नलाई अमेरिका गए । लस एन्जलसको एउटा विश्वविद्यालयबाट स्नातक गरे । उनले त्यो बेला अमेरिकाको विकास, व्यवस्था र नागरिकको अवस्था नजिकबाट देख्न पाए । त्यहाँ हरेक कुरा सिस्टममा चल्थ्यो । व्यक्तिको होइन, विधिको शासन थियो ।

राजीवका मावली हजुर बुवा राजतन्त्रका राजा थिए । नाती राजीव यतिबेला गणतन्त्र नेपालको प्रदेश मन्त्री छन् । नेपाली कांग्रेसबाट राजनीतिमा आएका उनी कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री हुन् । उनी त्यो ठाउँको अर्थमन्त्री हुन्, जहाँ विधिको होइन, व्यक्तिको शासन चल्छ । सिस्टमले होइन, पद र पावरले काम गर्छ । हरेक ठाउँमा चरम राजनीति र बेथिति छ । छलकपट र जालझेल छ । झाडापखालामा समस्याग्रस्त जाजरकोटीको सेवा गर्दै राजनीतिमा आएका तिनै शाहलाई यतिबेला राजनीतिभित्रको 'जालझेल' समझ्न मुस्किल छ ।

अनाहक फाइल अड्काउने कर्मचारी, मैले भनेकै गर भन्ने सांसदहरू । यो गर, त्यो गर भन्दै छिनछिनमा निर्देशनात्मक फोन बर्साउने आफ्नै पार्टीका दाइहरू । क्वार्टर बाहिर भेट्न आउने बिचौलिया, योजना नहाले चुनाव हराउँछु भन्दै धम्की दिने कार्यकर्ता, अधिवेशन, क्यालेन्डर इत्यादि भन्दै पैसा माग्ने आफ्नै पार्टीका भ्रातृ संस्थाका प्रतिनिधिहरूदेखि उनी आजित छन् । गत साउनदेखि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेका शाहले पहिलो पटक प्रदेश सभामा आइतबार मध्यराति बजेट पेस गरे । बजेट पेस गरेपछि सोमबार बेलुका मन्त्रालयमा पत्रकार सम्मेलन गरेका शाहले यो बीचमा आफूले आफ्नै पार्टीका दाइहरूबाट झेल्नु परेको दबाबको पोको फुकाए ।

पत्रकार सम्मेलनमा बजेट कस्तो बन्यो, यसका विशेषताहरू के हुन् ? प्रदेशको आन्तरिक आम्दानी कसरी वृद्धि हुन्छ ? बजेट खर्च प्रणाली कहिले सुन्छि ? जस्ता प्रश्नहरू पत्रकारहरूले उनलाई सोधेका थिए । तर अर्थमन्त्री शाह भने बजेट भित्र के छन् भन्दा पनि बजेट कसरी ल्याइयो ? योजना कसरी छनोट गरियो भन्ने कुरामा केन्द्रित भए । उनले सुरुमै, अमेरिका र चाइना कसरी बन्यो ? र हामी नेपाली कसरी पछाडि पर्‍यौं भन्ने केही उदाहरण सुनाए । 'उनीहरू अर्थतन्त्र, अर्थतन्त्र र अर्थतन्त्रमा जोड दिन्छन् । तर हामी भने राजनीति, राजनीति र राजनीतिमा जोड दिन्छौं,' उनले भने, 'समस्याको मुख्य जड नै यही रहेछ । अब यसलाई बन्द गरौं ।'

डाक्टर, पत्रकार, इन्जिनियर, कर्मचारी, वकिल र व्यापारी लगायत हरेक ठाउँमा राजनीति घुस्दा जनताले अपेक्षा गरेअनुसारको विकास हुन नसकेको उनले बताए । अब पनि यही अवस्था रहे यो संरचना नै नटिक्ने हो कि भन्दै शाहले चिन्ता व्यक्त गरे । 'एक समय थियो, राजनीतिज्ञले मात्रै आन्दोलन गरेर व्यवस्था बदल्न सम्भव थिएन । सबैको साझा प्रयासले आज व्यवस्था फेरिएको छ,' उनले भने, 'अब भो यो राजनीति छोड्दिउँ ।' एउटा करारमा आएको कर्मचारीले पनि २० वर्षसम्म जागिर खाने यो कस्तो सिस्टम बसालेका छौं ? भन्दै उनले प्रणालीमाथि नै प्रश्न गरे । प्रदेशका मन्त्रालयहरूमा अनावश्यक राखिएको करार कर्मचारीको दरबन्दी कटौती गर्दा ठूलो रकम जम्मा भएको उनले बताए । 'करार दरबन्दी कटौती गरेको त तिनै कर्मचारीलाई राख भन्दै केन्द्रबाटै दबाब आयो । तर मैले मानिनँ । संसारमा यस्तो व्यवस्था कतै देख्नु भएको छ ?,' उनले भने ।

केही परिवर्तन ल्याउन खोज्दा आफ्नै पार्टीका नेता र कार्यकर्ताहरूबाट नै चर्को दबाब आएको उनले बताए । 'हुन त म राजनीतिज्ञ हुँ तर स्पष्ट बोल्छु । जालझेल जान्दिनँ म,' उनले भने, 'धन्न मलाई जनताले समर्थन गरेका छन् । आफ्नै नेता र कार्यकर्ताको भर परेको भए मेरो राजनीति नै रहन्थेन ।' देश र जनताको नाममा राजनीति गर्छु भन्नेहरू नै बिचौलियाको भरिया हुँदा जनतामा वितृष्णा जागेको उनले बताए । आफूले बजेटमा विकासमुखी योजना राख्न खोज्दा कार्यकर्ता खुसी नहुने खतरा रहेको प्रष्ट पारे । 'अब व्यक्तिभन्दा संस्था बलियो बनाउने प्रणालीमा जानुपर्छ भन्ने लागेको छ,' मन्त्री शाहले भने, 'बरु मेरो राजनीति नरहला तर म बिचौलिया पोस्ने काम गर्दिनँ ।'

उनले बजेटलाई विकास भन्दा कार्यकर्ता पोस्ने माध्यम बनाउन खोज्ने प्रवृत्तिको आफूले प्रत्यक्ष सामना गरेको बताए । 'बजेट बनाउँदा कार्यकर्ताहरूले 'मेरो योजना पारिदिनुपर्छ' भन्ने ठूलो दबाब आउँदो रहेछ । तर १०-१५ लाखका साना र व्यक्तिगत योजनाले न दीर्घकालीन विकास हुन्छ, न त राज्यको दिगो हित हुन्छ,' उनले भने । शाहले यस्ता साना योजनाले क्षणिक रूपमा केही व्यक्ति खुसी भए पनि त्यसले स्रोतको दुरूपयोग मात्र हुने धारणा व्यक्त गरे । कसको योजना राख्ने र कसको नराख्ने भन्ने दुविधा हुने गरेको अनुभव समेत सुनाए । 'नराख्दा रिसाउने, राख्दा स्रोतको सदुपयोग नहुने,' उनले भने, 'तर मैले राज्यलाई भार पार्ने काम गरिनँ ।'

बजेटले भ्रष्टाचार कम गर्ने र विकासको अनुभूति दिलाउने लक्ष्य राखेको शाहको दाबी छ । बजेटमा चालु खर्च कटौती गरेर पूँजीगत रकम वृद्धि गरिएको छ, कृषि र पर्यटनलाई जोड दिइएको छ भने युवा लक्षित कार्यक्रम समावेश गरिएका छन् । अर्थमन्त्री शाहले संसद्मा पेस गर्नुअघि नै बजेट विवादित बनेको थियो । प्रमुख प्रतिपक्ष दल नेकपा माओवादीसँग मुख्यमन्त्री यामलाल कँडेल र सत्तारुढ दल नेपाली कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले एकबुँदे सहमति गरेका छन् । 'आज बजेट प्रस्तुत गर्ने, योजना निर्माण र बजेटसँग प्रमुख प्रतिपक्षले उठाएका विषयमा छलफल पश्चातमात्र सदनको प्रक्रिया अगाडि बढाउने सहमति गरियो,' एक बुँदे सहमति पत्रमा भनिएको छ । मन्त्री शाहले बजेट मात्र प्रस्तुत गरे पनि आर्थिक विधेयक र विनियोजन विधेयक अझै सभामा पेस गर्न पाएका छैनन् ।

प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रले 'योजना बैङ्क' अपारदर्शी र एकलौटी भएको आरोप लगाएको छ । उक्त सहमतिपत्र अनुसार प्रदेश सभामा बजेट प्रस्तुत भए पनि यसको प्रक्रिया र विषयवस्तुलाई लिएर सत्तापक्ष र प्रतिपक्षबीचको विवाद अझै कायमै छ । माओवादीले 'योजना बैङ्क' मा मात्र नभएर 'आयोजना प्रस्ताव छनोटसम्बन्धी कार्यविधि २०८१' माथि नै प्रश्न उठाएको छ । उक्त कार्यविधि बमोजिम जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समितिको बैठकबाट सिफारिस भएका योजनाहरूमध्ये तुलनात्मक हिसाबले लाभदायक योजनाहरू मात्र कार्यान्वयन गर्ने कुरा यसअघि भनिएको थियो ।

तर, अर्थमन्त्री शाह भने प्रतिपक्षीले आरोप लगाएको योजना छनोटमा कुनै त्रुटि नभएको बताउँछन् । बरु योजनामा हुने विभिन्न बेथिति रोक्न सरकारले आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी कार्यविधि, २०८१ लागु गरेको बताए । कार्यविधि अनुसार प्रदेश सरकारको बजेटमा समावेश भएका आयोजनाहरू जिल्ला तहबाट छनोट भएर आएका हुन् । यसले चोर बाटोबाट आउने योजनालाई निरुत्साहित गरेको र एउटा थिति बसालेको उनले दाबी गरे । आयोजनामा हुने दोहोरोपना हटेको र बजेट विनियोजनलाई चुस्त बनाउन सहयोग पुग्ने अर्थमन्त्री शाहले बताए । 'यो पटक हामीले नयाँ कानुन लागु गरेका छौं । केही सुधार र परिवर्तन गर्दा सबै कुरा सही नहोला तर परिवर्तनको सुरुवात भएको छ,' उनले भने ।

सरकारले पुँजीगततर्फ १९ अर्ब ९८ करोड २७ लाख १३ हजार अर्थात् ६०.५५ प्रतिशत बजेट ल्याएको छ । जुन चालु आर्थिक वर्षको तुलनामा ११.६३ प्रतिशतले बढी हो । एकमुष्ट बजेट (अबण्डा) प्रस्ताव गर्ने परिपाटीमा सुधार गरेको र बजेटलाई आयआर्जन वृद्धि मार्फत गरिबी न्यूनीकरण, उद्यमशिलता र रोजगारी प्रवर्द्धन गर्ने विषयमा केन्द्रित गरेको अर्थमन्त्री शाहले बताए । यो बजेटमार्फत सरकारले केही 'बोल्ड' निर्णय लिएको शाह बताउँछन् । 'हामीले विभिन्न मन्त्रालय र सरकारी कार्यालयहरूमा जाने चालु खर्च कटौती गरेका छौं । कर्मचारीको सुविधा कटौती गर्दा हामी 'अनपपुलर' हुन सक्छौं, तर त्यो चालु खर्चलाई पूँजीगत बजेटमा रूपान्तरण गर्न सकियो भने त्यसले विकासमा ठूलो मद्दत गर्छ,' उनले भने ।

**आफ्नै दलका दाइहरूको छैन साथ**

२०७९ मंसिरको आम निर्वाचनमा प्रदेश सभा सदस्यको उम्मेदवार बनेका कांग्रेस नेता शाहले आफूले चुनाव जिते 'मुख्यमन्त्री बनेर आउँछु' भन्दै जाजरकोटीसँग भोट मागेका थिए । केही शीर्ष नेताहरूको आश्वासन समेत पाएका उनले मुख्यमन्त्रीलाई चुनावी सभामा प्रमुख अजेन्डा बनाए । शाहले प्रदेश सभामा कांग्रेसबाट उम्मेदवार बनेका अधिकांशलाई धेरथोर आर्थिक सहयोग पनि गरे । माओवादीसँग गठबन्धन गरेको कांग्रेसले प्रत्यक्षतर्फ ९ सिट जित्यो भने समानुपातिकतर्फ ५ सिट पाएको कांग्रेस १४ सांसदसहित कर्णाली प्रदेश सभाको ठूलो दल बन्यो ।

कर्णाली प्रदेश सभामा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही पनि चुनिएर आएका थिए । त्यसैले मुख्यमन्त्री बन्नुपूर्व राजीवले उनीसँग संसदीय दलको चुनावमा प्रतिस्पर्धा गर्नुपर्ने भयो । राजीवले चुनाव लड्ने घोषणा पनि गरे । तर उनले प्रस्तावक र समर्थक समेत पाएनन् । जीवन र राजीव दुवै जना संस्थापन पक्षकै नेता हुन् । कर्णालीमा कांग्रेसको संस्थापनइतर पक्षको उपस्थिति निकै कमजोर छ । १४ सांसदमध्ये ११ जना सांसद संस्थापन पक्षमा छन् भने ३ जना संस्थापन इतरका हुन् । संस्थापनइतरका ३ जनाले राजीवलाई साथ दिने वाचा गरेका थिए । तर उम्मेदवारी दिने दिन ८ पुस २०७९ मा कुनै पनि सांसदले सहयोग नगरेपछि शाहले संसदीय दलको नेतामा जीवनबहादुर शाहीलाई नै समर्थन गरे ।

समर्थन गर्दा उनलाई लागेको थियो, भोलि सरकारमा जाने बेला सहज होला । तर संसदीय दलका नेता शाहीले त्यसो गरेनन् । केन्द्रमा गठबन्धन फेरिएपछि राजकुमार शर्मा नेतृत्वको माओवादी सरकारमा कांग्रेस सहभागी हुने भयो । पार्टी केन्द्रीय सदस्यसमेत रहेका राजीव बरियतामा जीवनपछिका सिनियर नेता हुन् । त्यसैले उनले सरकारमा पार्टीको नेतृत्व गर्न चाहे । तर, संसदीय दलका नेता जीवनले भने जाजरकोटकै अर्का सांसद वेदराज सिंहलाई अर्थमन्त्री बनाए । त्यस घटनाबाट बिरक्तिएका राजीव ३-४ महिना कर्णालीमै आएनन्, काठमाडौं बसे । ४ साउन २०८० भएको कांग्रेस केन्द्रीय समितिको बैठकमा समेत शाहले संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्छु भनेकै कारण नेताहरूले आफूलाई गलत व्यवहार गरेको बताए । उनले भनेका थिए, 'लोकतान्त्रिक पार्टीमा प्रतिस्पर्धा गर्छु भनेर मैले चाहना राख्नु के अपराध थियो ?'

१७ असार २०८१ मा कांग्रेस र एमालेबीच केन्द्रमा नयाँ समीकरण बन्यो । दुई दलबीच कर्णालीमा एमाले संसदीय दलका नेता यमलाल कँडेल नेतृत्वको सरकारलाई नै निरन्तरता दिने सहमति भयो । राजीवले मन्त्री बन्न लबिइङ गरे । त्यतिबेला उनले उपसभापति पूर्णबहादुर खड्का र नेता शाहीलाई भेटेर सम्बन्ध सुधारे । राजीवकै नेतृत्वमा कांग्रेस कँडेल नेतृत्वका कर्णाली सरकारमा सहभागी भएको छ । तर, कांग्रेसकै दाइहरूले नै सहयोग नगरेको उनी बताउँदै आएका छन् । अर्को पार्टीको भएर पनि मुख्यमन्त्री यामलाल कँडेलले आफूलाई सहयोग गरे पनि आफ्नै पार्टीका नेता र कार्यकर्ताले असहयोग गरेको उनको भनाइ छ । मन्त्रालयका स-साना निर्णय गर्दा पनि दाइहरूले हस्तक्षेप गर्ने, आफूलाई नसोधेर किन गरेको भन्दै दबाब दिने गरेको शाह बताउँछन् ।

कांग्रेस नेताहरूका अनुसार अर्थमन्त्री शाहले दाइहरूको निर्देशनअनुसार नचल्दा उनी यतिबेला पेलानमा छन् । सहयोगको साटो चौतर्फी असहयोग पाउने गरेको शाह निकट नेताहरू बताउँछन् । राजनीतिमा चाहिने चातुर्यता र कूटनीतिमा कमजोर भएकै कारण शाहले पटकपटक धोका खाएको भन्दै उनी निकट एक नेता भन्छन्, 'उहाँ कमलो फदय भएको मान्छे हो ।'

*(स्रोत: अनलाइखबर)*

# 'मोहर'को 'चाहिँदैन मोहर' गीतमा पल र नीतिको प्रेमालाप



काठमाडौं/आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोहर'को पहिलो गीत 'चाहिँदैन मोहर पर्दैन सुकी' सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक उक्त गीतमा फिल्मका मुख्य जोडी पल शाह र नीति शाहबीचको प्रेमालाप देख्न सकिन्छ । उनीहरुको एकअर्काप्रति प्रेम र समर्पणको भाव गीतमा प्रस्तुत छ ।

सार्वजनिक गीतमा शरद हुमागाईं र विशाखा शाहीको स्वर रहेको छ भने सुरेश अधिकारीको संगीत तथा प्रमोद ढुंगानाको शब्द रचना छ । रामजी लामिछानेको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा प्रप्सहरुको प्रयोग सुन्दर देखिन्छ । खोलाको बगरमा बनाइएको सेट पनि आकर्षक छ ।

ओम प्रतिकको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा पल र नीतिसहित अर्जुन जंग शाही, बेनिशा हमाल, मिथिला शर्मा, रविन्द्र झा, लक्ष्मी गिरी, मिस पबी, सुशील देवकोटा, लक्ष्मीनाथ तिमिल्सिना, सिद्धार्थ सिंह, माधव दत्त पण्डित, गीता थापा, नविन खतिवडा, बाल-कलाकार सारा शर्मा लगायतको अभिनय रहेको छ ।

चुम्बन जंग शाहीको निर्माणमा बनेको फिल्ममा दिपेन बस्न्यातको डीओपी, भुपेन्द्र अधिकारीको सम्पादन, कुमार महर्जनको द्वन्द्व निर्देशन, कविराज गतहराज र र रमजी लामिछानेको कोरियोग्राफी, सुरेश अधिकारी, थानेश्वर गौतम र एसडी योगीको संगीत तथा समीर मियाको भीएफएक्स छ ।

गत साता सार्वजनिक टिजरमार्फत फिल्मको कथा देउकी प्रथामा आधारित रहेको खुलाइएको थियो । तर, फिल्ममा यो विषय मात्र नरहेको निर्देशक प्रतिकको भनाइ छ । गीत सार्वजनिक कार्यक्रममा उनले भने, 'देउकी प्रथाको सानो प्लट मात्र टिजरमा देखाएका छौं । यसमा देउकीको विषय मात्र छैन, अन्य धेरै कुरा छन् । धेरै सस्पेन्स छ । दर्शकले फरक कथाको अनुभूति गर्न पाउनेछन् ।'

# यस्ती छिन् 'जहाजैमा'मा खेल्न लागेकी जापानी अभिनेत्री रजेल

काठमाडौं/पछिल्लो समय नेपाली फिलममा विदेशी कलाकारलाई खेलाउने होडबाजी नै चलेको छ । विदेशमा फिलम चलाउनका लागि नेपाली मेकरहरुले यो उपाय अपनाएको पाइन्छ । गत वर्ष प्रदर्शनमा आएको फिल्म 'ह्रस्व दीर्घ'मा दक्षिण भारतीय फिलम (साउथ)का नाम चलेका कलाकार हरुको पल्टन नै थियो । 'कोहिनूर', 'भूठान', 'देववाणी' जस्ता फिल्ममा पनि विदेशी कलाकारले काम गरेका छन् ।



अब अर्को नयाँ फिल्म 'जहाजैमा'मा पनि विदेशी कलाकार लाई देख्न पाइनेछ । यसमा फिलिपिनी मुलकी जापानी अभिनेत्री रजेल इचिमियाले अभिनय गर्न लागेकी हुन् । कृषा चौलागाईंको निर्देशन रहने यो फिल्मका लागि र जेलसँग गत महिना जापानमा निर्माता कम्पनी 'यूएनए प्रोडक्सन'ले लिखित सम्झौता गरेको थियो । बिहीबार पोस्टरमार्फत फिल्ममा उनको प्रवेशबारे जानकारी गराइयो ।

रजेलले केही जापानी फिल्म तथा सिरिजमा काम गरेकी छन् । उनले अभिनय गरेको फिल्म 'बी माई गेस्ट, बी माई बेबी' (२०२३) चर्चित मानिन्छ । यसैबाट उनले अभिनय करिअर सुरु गरेकी थिइन् । यसबाहेक उनले फिल्म 'एनजेल डे मेसाज मामा, सान ?' (२०२३) र सिरिज 'टोक्यो सलाद बउल' (२०२५)मा काम गरेकी छन् । अब 'जहाजैमा'बाट उनले नेपाली फिल्ममा डेब्यु गर्नेछिन् ।

सामाजिक सञ्जाल इन्स्टाग्राममा सक्रिय रहेकी रजेलले त्यहाँ आफ्ना विभिन्न गतिविधिका तस्वीर तथा मिडियोहरु सेअर गरेकी छन् । फोटोसुटका तस्वीरहरुमा उनी आकर्षक देखिएकी छन् । उनको कोरियन लुक्स छ । नेपाली फिल्ममा यो लुक्सका अभिनेत्रीहरु सीमित छन् । यसैले रजेललाई पर्दामा हेर्न नेपाली दर्शकलाई रोचक हुनेछ । उनको सामाजिक सञ्जालमा फलोअर्स भने न्यून छन् ।

'जहाजैमा'लाई यूएनए प्रोडक्सनको ब्यानरमा उज्ज्वल गुरागाँइले निर्माण गर्नेछन् । फिल्मले नेपाल-जापानको सम्बन्ध, प्रेम, सपना र संघर्षको कथा भन्ने उनको भनाइ छ । फिल्ममा रजेलबाहेक अरु कलाकार निश्चित भएका छैनन् । सन् २०२६ मा रिलिज लक्ष्य राखिएको फिल्मको छायांकन आगामी भदौबाट गरिनेछ । नेपाल, जापान र फिलिपिन्समा फिल्मको छायांकन हुने जनाइएको छ ।

# 'झिँगेदाउ २'मा केकी र आँचल दोहोरिने निश्चित

काठमाडौं/२०७९ सालको सफल फिल्म हो, 'झिँगेदाउ' । रिलिजअघि नजरअन्दाज गरिएको यो फिल्मले पहिलो साताको अन्त्यबाट व्यापारिक गति ह्वात्तै बढाएको थियो । फिल्मको पारिवारिक कथावस्तु र कमेडी पक्षले दर्शकलाई हलसम्म तानेको थियो । अब यसको सिक्वेल (दोस्रो पार्ट) बनाउने तयारीमा निर्देशक ज्ञानेन्द्र देउजा जुटेका छन् । त्यसका लागि अहिले कलाकार छनोटको काम भइरहेको छ ।

सिक्वेलमा अघिल्लो श्रृंखलाकै ५/६ जना कलाकार दोहोरिँदैछन् । त्यसमध्ये 'झिँगेदाउ'मा झगडालु बुहारीको भूमिकामा अभिनय गरेका अभिनेत्री द्वय केकी अधिकारी र आँचल शर्मा अनुबन्धित भएका छन् । फिल्मका निर्माता समेत रहेका निर्देशक देउजाले यसै साता दुवैसँग लिखित सम्झौता गरेका हुन् । मुकुन भुसाल, कुशल विष्ट लगायत पनि फिल्ममा दोहोरिने निश्चित भइसकेको छ ।

'झिँगेदाउ २'मा अहिलेका चल्तीका दुईजना कलाकार लाई पनि भित्र्याउने तयारीमा निर्देशक देउजा छन् । त्यसका लागि केही कलाकारसँग कुरा भइरहेको उनले बताए । तर, अहिले कलाकारको सेड्युल मिलाउनै सबैभन्दा गाह्रो रहेको उनको भनाइ छ । यो वर्ष फिल्म निर्माणको चाप निकै बढेकाले चल्तीका अधिकांश कलाकारको समय लिनै नसकिने अवस्था रहेको उनको अनुभव छ ।

विवाहपछि दुई छोरा बीचको झगडाका कारण आमा निराश भएर वृद्धाश्रम गएपछि 'झिँगेदाउ'लाई विट मारिएको थियो । त्यहीँबाट सिक्वेलको कथा उठान हुने निर्देशक देउजाले बताए । उनका अनुसार फिल्म ग्रामीण परिवेशमा नै निर्माण हुनेछ । पुराना शैलीका घर र त्यसअनुरूपको परिवेश देखाउन बजेट भने ठूलो लाग्ने उनको अनुमान छ । यस फिल्ममा महेश दवाडीको लेखन रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जलविद्युत्मा अनिश्चितता ....

तर, बजेटमा उल्लिखित 'टेक एन्ड पे' प्रणाली लागू भएमा प्राधिकरणले चाहिएको बेलामा मात्र विद्युत् खरिद गर्ने र त्यही अनुसार मात्र भुक्तानी गर्नेछ, जसले गर्दा प्राधिकरणले आफूलाई आवश्यक नभएमा प्रावर्द्धकसँग विद्युत् लिन बाध्य हुँदैन । विद्युत् नलिएपछि भुक्तानी पनि दिनुपर्दैन । यस्तो नीतिले नयाँ आयोजना निर्माण र लगानी जुटाउन गम्भीर समस्या हुनेछ । किनकि उत्पादित वस्तुको बजार सुनिश्चित नभए त्यसमा लगानी गर्नु मूर्खता हो । चाहे प्रवर्द्धक हुन् वा वित्तीय संस्था, सबैले प्रतिफल खोज्नु स्वाभाविक पनि हो । अर्कोतर्फ प्राधिकरणलाई पनि विद्युत् आपूर्तिको सन्तुलन मिलाउन समस्या हुन्छ । जस्तै- बर्खामा बिजुली बढी भएका बेला खरिद गर्दिन, हिउँदमा चाहिँदा मौत्र खरिद गर्छु भन्दा बिजुली कहाँबाट पाउने ?

**प्राधिकरण र बजेट**

वर्षादको बेला नेपालमा विद्युत्को आपूर्ति पर्याप्त रहे पनि हिउँदमा अहिले पनि ठूलो परिमाणमा भारतबाट विद्युत् आयात गरी विद्युत्को माग र आपूर्तिमा सन्तुलन कायम गर्नुपर्ने बाध्यता प्राधिकरणसमक्ष छ । यसै सन्दर्भमा विद्युत् प्राधिकरणले नयाँ जलविद्युत् परियोजनाहरूबाट कुल ५ हजार मेगावाट विद्युत् खरिद गर्ने तयारी अगाडि बढाएको छ । गत वैशाख ३० गते जारी सूचनाअनुसार अर्धजलाशययुक्त र नदी प्रवाहमा आधारित परियोजनाका प्रवर्द्धकहरूलाई ३० दिनभित्र विद्युत् खरिद-बिक्री सम्झौताका लागि सम्पर्क गर्न भनिएको थियो । प्राधिकरणको यो योजनाअनुसार ५ हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनासँग विद्युत् खरिद सम्झौता (पीपीए) गर्ने तयारी छ । उक्त सूचनामा उल्लेख गरिएअनुसार चैत १२ सम्म ग्रिड कनेक्सन सम्झौता सम्पन्न गरेका तीन दर्जन बढी कम्पनीहरूलाई आवश्यक कागजात सहित सम्झौता गर्न बोलाइएको थियो । तर बजेटको 'टेक एन्ड पे' सम्बन्धी व्यवस्थाले प्राधिकरणको योजनामा अवरोध सिर्जना गरेको छ । बजेटपछि उक्त प्रक्रिया अगाडि बढ्न सकेको छैन । प्राधिकरणले ५ हजार मेगावाट खरिद गर्ने घोषणा गरिरहेको थियो तर बजेटले फरक दिशा देखाइदियो । बजेटमा स्पष्टता नआउन्जेल हाल पीपीएको प्रक्रियालाई प्राधिकरणले अगाडि नबढाउने निश्चित छ । उता १० हजार मेगावाट भारतलाई निर्यात गर्ने सम्झौता पनि अलपत्र पर्ने देखिन्छ ।

**जलविद्युत् उत्पादकको अडान**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले बजेटमा उल्लेख 'टेक एन्ड पे' व्यवस्थालाई तत्काल हटाउन माग गर्दै आएको छ । इप्पानका अनुसार प्राधिकरणमा हालसम्म कुल १२ हजार ८ सय ८९ मेगावाटका आयोजनाहरूले पीपीएका लागि आवेदन दिएका छन् । यदि बजेटमा उल्लिखित नयाँ व्यवस्था लागू भयो भने १० मेगावाटभन्दा साना आयोजनाहरूको विगतको 'टेक अर पे' पीपीएसमेत प्रभावित हुन सक्छ । वि.सं. २०६५ मा संसद्मा दर्ता भएको विद्युत् व्यापारसम्बन्धी विधेयक अहिलेसम्म पारित नभएकाले त्यसको भरमा निजी क्षेत्र ढुक्क हुन सक्दैनन् । एक महिनाभित्र विद्युत् व्यापारको लाइसेन्स र प्रसारण लाइन निर्माणको जिम्मा निजी क्षेत्रलाई दिइने ग्यारेन्टी गर्नुपर्ने अडानसमेत इप्पानको छ । 'टेक एन्ड पे' को नीति लागू भएमा १७ हजार १ सय १७ मेगावाट क्षमताका करिब ३५० आरओआर (नदी प्रवाही) आयोजना निर्माण अनिश्चित बन्ने र यिनमा हालसम्म झन्डै ६६ अर्ब २२ करोड रुपियाँ लगानी भइसकेकाले लगानी डुब्ने इप्पानको दाबी छ । 'टेक एन्ड पे' का आधारमा भएको पीपीएलाई बैंक तथा वित्तीय संस्थाले स्वीकार नगर्ने र वित्तीय व्यवस्थापन अवरुद्ध हुने इप्पानको बुझाइ छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# मनहरी गाउँपालिकाले बनकरियालाई निर्माण गरेको होमस्टे जीर्ण

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ लोपोन्मुख वनकरिया समुदायको आर्थिक उत्थान गर्ने उद्देश्यले मनहरी गाउँपालिकामा निर्माण गरिएको होमस्टे जीर्ण बनेको छ ।

मनहरी गाउँपालिका-४, मुसेधापस्थित वनकरिया बस्तीमा ८ लाखको लगानीमा निर्माण गरिएको होमस्टे तयार नहुँदै जीर्ण बनेको हो । तर, वनकरिया समुदायले भने पर्यटक नआएका कारण प्रयोगविहीन अवस्थामा पुगेको जनाएको छ । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई बसेको घरलाई स्तरवृद्धि गरी होमस्टे बनाइएको थियो । तर, लामो समयदेखि प्रयोग नहुँदा बाँसले बारेको होमस्टेको संरचना कमजोर भएको छ ।



अहिले दिउँसो बस्ती घुम्न आउने पाहुनालाई खाना खुवाउने व्यवस्था भएपनि रात्रिबास बस्नसक्ने अवस्था नरहेको फूलमाया वनकरियाले बताइन् । वनकरिया बस्तीलाई पर्यटनमार्फत् चिनाउने उद्देश्यले होमस्टे निर्माण गरिएको थियो । आधुनिक शौचालय सहितको दुईकोठे होमस्टे बनाइएको थियो । वनकरिया बस्तीकी अगुवा सन्तोषी वनकरियाले पर्यटक नआएकै कारण होमस्टे चल्न नसकेको बताइन् । 'पर्यटक नआएपछि पैसा भएन, मर्मत गर्न पनि सकिएन,' उनले भनिन् ।

दुईदशक अघिसम्म नेपाली नागरिकता नभएकै कारण समाजमा एकलकाट्टे जस्तो बन्नु परेको वनकरिया समुदायले दुईवर्ष अघिमात्र साबुन उद्योग दर्ता गरेका छन् । १० लाख रुपैयाँ चालुपूँजी राखेर घरेलु तथा साना उद्योग कार्यालय हेटौंडामा उनीहरुले वनकरिया, चेपाङ महिला साबुन उद्योग दर्ता गरेका हुन् । वनकरियाले दर्ता गरेको साबुन उद्योगबाट परीक्षणका रुपमा साबुन उत्पादन गरी बिक्री पनि सुरु भएको छ ।

गाउँघरमा पाइने तितेपाती, नीमपत्ता, एलोभेरा (घ्यूकुमारी) को साबुन उत्पादन गरी प्रतिगोटा २५/५०/ ७५/ रुपैयाँमा बिक्री गर्न थालेका छन् । अहिलेसम्म एकलाख रुपैयाँ भन्दा बढीको साबुन बिक्री गरेको सन्तोषीले जानकारी दिएकी छन् । कच्चापदार्थ विदेशबाट आयात गर्नु पर्दैन, यहीँ हाम्रो गाउँघरमै रहेको जडीबुडीजन्य वनश्पतिको झोललाई सोपकेस मिसाएर साबुन उत्पादन गरिरहेको जमुने वनकरियाले बताए ।

उनीहरुले आफ्नो बस्ती वरपर नीम, तितेपाती रोप्न सुरु गरेका छन् । आफैंले रोपेको तितेपातीबाट साबुन बनाउन थालेपछि सजिलो हुने उनीहरुको धारणा छ । खेरगइरहेको जडीबुटीबाट वनकरिया महिलाले अर्गानिक साबुन उद्योग खोलेका हुन् । स्थानीयस्तरमा नै पाइने घ्युकुमारी, नीम र तीतेपातीको प्रयोग गरेर नुहाउने, मुखधुने साबुन बनाएका हुन् ।

दुई दशकअघि जंलबाट एकीकृत बस्तीमा सरेका वनकरियाले उद्योग नै दर्ता गरेर काम सुरु गरेका छन् । वनकरिया चेपाङ महिला साबुन उद्योग दर्ता गरेर उत्पादन सुरु गरेको सन्तोषीले बताइन् । २५ जना वनकरिया तथा चेपाङ महिला मिलेर साबुन उद्योगको थालनी गरिएको हो ।

# दिलभूषण पाठकलाई पक्राउ नगर्न अन्तरिम आदेश

## प्रकाशित समाचार हटाउने आदेश खारेज

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ उच्चअदालत पाटनले सञ्चारकर्मी दिलभूषण पाठकको मुद्दाको किनारा नलागेसम्म पक्राउ नगर्न आदेश दिएको छ ।



पत्रकार पाठकले आफू विरुद्ध पक्राउपुर्जी जारी भएको भन्दै उच्चअदालतमा दायर गरेको रिटमा विहीबार न्यायाधीश टंकप्रसाद गुरुङ र टीकाराम आचार्यको संयुक्त इजलासले यस्तो आदेश दिएको हो । निवेदकले सम्प्रेषित गरेको सामग्रीबाट कसूर भएको भनी परेको जाहेरीको आधारमा निजलाई पक्राउ गरी अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था स्थापित भएको नेदखिदा प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्म निवेदकलाई पक्राउ नगर्नू नगराउनू भनी असार ३ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

सँगै आदेशको जानकारी विपक्षीलाई दिन भनिएको छ । साथै पत्रकार तथा सञ्चारमाध्यममाथीको कारबाही किनारा लगाउने निकाय प्रेस काउन्सिल रहेको अदालतले स्मरण गराएको छ । प्रेस काउन्सिल ऐन, २०४८ को दफा १२ मा भएको व्यवस्था तथा ऐन अनुसार लागू भएको पत्रकार आचारसंहिता, ०७३ को व्यवस्था अनुसार सञ्चार माध्ययम वा पत्रकारले सम्प्रेषण गरेको सामग्रीबाट मर्का पर्ने व्यक्तिले काउन्सिलमा उजुरी दिनसक्ने व्यवस्था भई त्यस्तो उजुरीमाथि छानबीन र कारबाही हुनसक्ने अवस्था रहेको आदेशमा भनिएको छ ।

यसैगरी जिल्ला अदालत काठमाडौंले सञ्चारमाध्यममा प्रकाशित समाचार हटाउने भनी यसअघि जारी भएको आदेश खारेज गरेको छ । न्यायाधीश श्यामविहारी मौर्यको इजलासले धितोपत्र बोर्डका अध्यक्ष सन्तोष नारायण श्रेष्ठले पेश गरेको निषेधाज्ञाको निवेदन खारेज गरेको हो । निवेदन खारेज भएसँगै अर्का न्यायाधीश पिताम्बर शर्माको इजलासले जारी गरेको समाचार हटाउने आदेश पनि स्वत: खारेज भएको छ । न्यायाधीश शर्माले धितोपत्र बोर्डका अध्यक्ष श्रेष्ठको वारेमा प्रकाशित समाचार हटाउन आदेश दिएका थिए । आदेश जारी भएपछि बिजमाण्डु र नेपालखबर अनलाइनले सुनुवाइका क्रममा त्यसको प्रतिवाद गरेका थिए ।

# आलुका परिकार तयारी तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मकवानपुरको थाहा नगरपालिकामा व्यावसायिक सीप विकासको उद्देश्यले आलु परिकार तयारी तालिम सुरु भएको छ ।

असार ५ गतेदेखि प्रारम्भ भएको तालिम होटल सुनगाभामा सञ्चालन भइरहेको छ । तीनदिनसम्म चल्ने तालिममा ३५ जनाको सहभागिता रहेको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले जानकारी दिएका छन् । तालिम पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको आयोजनामा र बागमती प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालयको साझेदारीमा संचालन गरिएको हो ।

तालिममा प्रशिक्षकको रुपमा सिन्धुपाल्चोकमा आलु विकास केन्द्रमा कार्यरत् हिमाल भुषाल रहेका छन् । उनले आलुबाट तयार गर्न सकिने विभिन्न परिकारको तयारी विधिबारे सहभागीलाई व्यावहारिक प्रशिक्षण दिइरहेका छन् । कार्यक्रमको उद्घाटन सत्रमा सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्ट, लेखासमिति सदस्य रुपचन्द्र गोपाली र राजकुमार कार्की, कार्यसमिति सदस्य रीता कार्की, जानुका ढकाल, राजन ढकाल, व्यवस्थापक प्रकाश पौडेलको उपस्थिति रहेको थियो ।

# एन्फा एकेडेमीका खेलाडीलाई खेलसामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ हेटौंडा एकेडेमी विद्यालयमा सञ्चालित एन्फा एकेडेमीका खेलाडीलाई खेलसामग्री वितरण गरिएको छ ।

हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीमा रहेका एन्फा एकेडेमीका खेलाडीलाई एन्फाले उपलब्ध गराएको नयाँ जर्सीसहितको खेलसामग्री हस्तान्तरण गरिएको हो । प्रशिक्षणरत् २८ जना खेलाडीका लागि बल, जर्सी, नेट, कोन, जुराफ, टिसर्ट लगायतको सामग्री सहयोग गरिएको हो । एन्फा एकेडेमीका संयोजक अरुणराज सुमार्गी, सहसंयोजक अमृत लुङ्बा, हेटौंडा एकेडेमीका सञ्चालक समिति सदस्य अंकिता सुमार्गी लगायतले खेलाडीलाई खेलसामग्री हस्तान्तरण गरेका हुन् । एन्फा एकेडेमीका कप्तान सुनिलकुमार सुर्खेतीलाई सामग्री हस्तान्तरण गरिएको थियो ।



एन्फा एकेडेमी हेटौंडाका संयोजक सुमार्गीले हेटौंडा एकेडेमीमा १३ वर्ष मुनीका ५० जना विद्यार्थी भर्ना गर्न अनुमति प्राप्त भएको जानकारी दिए । 'हामी आफैंले पनि प्रशिक्षकको व्यवस्था गरेर प्रशिक्षण गराइरहेका छौं', उनले भने, 'शिक्षासँगै खेलकुदलाई पनि अघि लैजाने अवसर प्राप्त भएकोमा खुसी छौं' सुमार्गी खेलाडीलाई खेलसँगै पढाईलाई पनि ध्यान दिन अनुरोध गरे । खेलाडीले दैनिक रुपमा हेटौंडा-४, हुप्रचौर र हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा प्रशिक्षण गर्दै आएका छन् ।

कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारीसहित सञ्चारकर्मीको उपस्थिति रहेको थियो । अघिल्लो वर्षको बाढीपहिरोका कारण सिस्नेरीको बत्सलादेवी माविबाट एन्फा एकेडेमी सारेर हेटौंडा एकेडेमीमा ल्याइएको हो । यहाँ विभिन्न जिल्लाबाट विद्यार्थी फुटबल खेलाडी आएर प्रशिक्षणसँगै अध्ययन समेत गरिरहेका छन् ।

# ईन्द्रसरोवर पूर्णखोप दिगोपना सुनिश्चित पालिका घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मक्वानपुरको ईन्द्रसरोवर गाउँपालिकालाई 'पूर्णखोप दिगोपना सुनिश्चित पालिका' घोषणा गरिएको छ ।

गाउँपालिकालाई खोप समन्वय समिति ईन्द्रसरोवरका संयोजक तथा पालिकाअध्यक्ष देवकृष्ण पुडासैनी र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्णबहादुर मिजारले संयुक्त रुपमा पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गरेका हुन् । कार्यक्रममा ईन्द्रसरोवरका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामा कार्यपालिका सदस्यहरु, स्वास्थ्यकर्मीहरु, विद्यालय नर्स, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकालगायतको सहभागीता रहेको थियो ।



खोप समन्वय समितिको सक्रियतामा हरेक वडामा घरभेट सर्वेक्षण, १६ वटा खोपकेन्द्रबाट मासिक नियमित सेवा र छुटेकालाई खोप दिने कार्य भएको गाउँपालिकाले जनाएको छ । ०-१५ महिनाका १६३ जना र १६-२३ महिनाका ११४ जना बालबालिकाले पूर्णखोप लगाएका छन् । पछिल्लो सर्वेक्षणअनुसार, १६-२३ महिनाका ११४ जना बालबालिकालाई पूर्णरुपमा खोप लगाएको पालिकाको तथ्यांक छ । ईन्द्रसरोवर गाउँपालिकामा ५ वटा स्वास्थ्य केन्द्र र २ वटा सामुदायिक स्वास्थ्य इकाइ रहेको छ ।

# फरेष्ट्री गेट अगाडिबाट खैरोहेरोइनसहित दुईजना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ हेटौंडा उपमहानगरपालिका-४, फरेष्ट्री गेट अगाडिबाट अबैध खैरोहेरोइनसहित मकवानपुर प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हेटौंडा-४, कमलडाँडाका ४२ वर्षीय अनुपकुमार रुम्बा र ३३ वर्षीय मणि लामा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु आर्याले जानकारी दिए । प्रवक्ता अर्यालका अनुसार, विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले बुधबार साँझ ६ बजेको समयमा शंकास्पदरुपमा बसेका दुईजनालाई जाँच गर्दा उनीहरुको साथबाट ७७० मिलिग्राम खैरोहेरोइन बरामद भएको थियो । सामान्य जाँचका क्रममा प्लास्टिकमा प्याक गरिएको लागूऔषध फेला परेपछि दुवैजनालाई नियन्त्रणमा लिइएको प्रवक्ता अर्यालले बताए । उनीहरुमाथि लागुऔषधसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको छ ।

# एमनेष्टीको र्‍याली एबम् दीपप्रज्ज्वलन

हेटौंडा, ५ असार/ द्वन्द्वमा हुने यौनहिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा एमनेष्टी ईन्टरनेशनल नेपाल समूह ६७ हेटौंडाले दीपप्रज्ज्वलन तथा र्‍याली आयोजना गरेको छ ।

समूह ६७ हेटौंडाका संयोजक प्रकाश ढकालकाअनुसार कार्यक्रममा फरेष्ट्री युथ नेटवर्क हेटौंडाको पनि सहभागिता रहेको थियो । र्‍याली तथा दीपप्रज्ज्वलन कार्यक्रममा एमनेष्टी ईन्टरनेशनल समूह ६७ हेटौंडाका पूर्वअध्यक्ष उत्तम शर्माढकाल, बिजेन्द्रकुमार अग्रवाल, हेमन्त ढुँगेल, कोषाध्यक्ष पूर्णप्रसाद अर्याललगायतको सहभागिता थियो । द्वन्द्वमा हुने यौनहिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा एमनेष्टी ईन्टरनेशनलको केन्द्रीय कार्यक्रम अनुसार आयोजना गरिएको संयोजक ढकालले जानकारी दिए ।

# मानवतस्करबिरुद्ध रास्वपा समर्थकद्धारा ज्ञापनपत्र बुझाउने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मानवतस्करविरुद्ध राज्यद्वारा गरिएका ज्यादती र दुई-तिहाईको घमण्डको विरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) समर्थकले भोलि शुक्रबार हेटौंडामा विरोध प्रदर्शन गर्ने भएका छन् ।

विरोध कार्यक्रम बिहान १० बजे रास्वपा मकवानपुरको कार्यालय (हेटौंडा-१०, टीसीएनचौर अगाडि) बाट सुरु हुने बताइएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा ज्ञापनपत्र बुझाइने जानकारी दिँदै जिल्ला सभापति भरत पराजुलीले सम्पूर्ण देशभक्त नागरिक, बौद्धिक वर्ग तथा रास्वपा समर्थकलाई कार्यक्रममा सहभागी हुन आह्वान गरेका छन् ।

'सरकारले दुईतिहाईको दम्भ देखाएर मानवतस्करहरुलाई संरक्षण दिइरहेको सरकारबिरुद्ध अब संसद् मात्र होइन, सडकबाट पनि हामी आवाज उठाउँछौं । बागमती प्रदेशको राजधानी हेटौंडाबाटै जनताको आन्दोलन सुरु हुनेछ' अध्यक्ष पराजुलीले बताए । रास्वपाले हालैको घटनाक्रमलाई लिएर सरकारप्रति कडा असन्तोष प्रकट गर्दै जनताको न्याय र मानवअधिकारका पक्षमा संघर्षलाई तीव्र बनाउने जनाएको छ ।


## विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

*"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"*

नेपाल सरकार
विज्ञापन बोर्ड



## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्न सक्छ ।

### अन्य लक्षणहरू:

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरू दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



### बच्ने उपायहरू:

- डेगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्दि रोक्नु पर्दछ,
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु ,गाडीमा काम नलाग्ने टायरहरु आदिमा पानी जम्न नदिने ,
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने,
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने,
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने,
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुदाँ दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने ,
- दिउसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने,
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुट्टी पुर्ने ,
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने ,

हेटौंडा उपमहानगरपालिका
११ नं. वडा कार्यालय
नवलपुर, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना